# जातिय विभेद बिरुद्धको दलित निती, २०८०

छाँयानाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढि, मुगु

## विषय सुची


| क.सं | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | पृष्ठभुमि | १ |
| २. | विगतका प्रयास | २ |
| ३. | बर्तमानको अवस्था | ३ |
| ४. | समस्या र चुनौति | ४ |
| ५. | जातिय विभेद बिरुद्धको दलित निती २०८० को आवश्यकता | ५ |
| ६. | दृष्टिकोण | ६ |
| ७. | लक्ष्य | ६ |
| ८. | उध्येश्य | ६ |
| ९. | रणनिती | ७ |
| १०. | निती तथा कार्य निती | ८ |
| ११. | निती कार्यान्वयनको जिम्मेवारि | ११ |
| १२. | सँस्थागत व्यवस्था | ११ |
| १३. | आर्थिक पक्ष | १२ |
| १४. | कानुनि व्यवस्था | १२ |
| १५. | अनुगमन तथा मुल्याङ्कन | १२ |
| १६. | जोखिम तथा जोखिम न्युनिकरण | १२ |
| १७. | खारेजि र बचाउ | १३ |

## १. पृष्ठभुमि

ऋग वेदलाई आधार मान्ने हो भने भारतिय हिन्दु समाजमा वर्ण व्यवस्थामा आधारित जातिय विभेद सुरु भएको झण्डै ३५०० वर्ष भैसकेको विभिन्न अनुसन्धानहरुले देखाउछन । आदिम समयमा सिन्दु नदि वरपर आस्ट्रिक र द्रविड मुलका मानिसहरु बसोबास गर्थे । करिब ५००० बर्ष पहिले आर्यहरुको एउटा झुण्ड युरोपबाट ईरान हुदै सिन्दु क्षेत्रमा प्रवेश गरे र उनिहरुले सयौं बर्ष सम्म आस्ट्रिक र द्रविडहरुसँग संघर्ष गरे । अन्तमा आर्यहरुले जिते आस्ट्रिक र द्रविडहरुले हारे । पराजित भएका आस्ट्रिक र द्रविडहरुलाई आर्यहरुले कमारा वा दास समान व्यवहार गर्न थाले । त्यहि बहिस्कारको व्यवहार विस्तारै जातिय छुवाछुतमा परिणत हुदै गयो । त्यो छुवाछुतबाट प्रताडित समुदायहरु मिलेर तत्कालिन राज्यका वा शासकहरुका विरुद्ध हजारौ पटक क्रान्तिका प्रयासहरु गर्न थाले । उनिहरु विच कहिल्यै एकताबद्ध नहोस् भन्ने हेतुले ति उत्पीडितहरु भित्र पनि अनन्त फुट पार्न त्यहि समुदाय भित्र पनि विभिन्न जातिय तहहरुको निर्माण गरेर एक अर्कालाई छिन्न भिन्न पार्न र उनिहरु माथि थोपरिएको छुवाछुत उत्पीडन र हिंसालाई सामाजिक नियमको संज्ञा दिदै त्यसलाई सँस्थागत र वैधानिक पार्न त्यस समयका प्रख्यात सम्राट तथा पुजनिय ऋषि मनुले मनु स्मृती नामक एक ग्रन्थको रचना गरे । उक्त ग्रन्थका माध्यमबाट समाजलाई ब्रम्हाण,क्षेत्रिय, वैश्य र शुद्र गरि ४ वर्णमा बिभाजन गरियो । पछिका राज्य संचालकहरुले पनि त्यस ग्रन्थलाई नै राज्यको मुल कानुनको रुपमा समाजमा लागु गराउदै लिए । त्यसको झण्डै ९०० बर्ष पछि अथवा आज भन्दा करिब २६०० बर्ष पहिले नै हालको नेपालको मधेश प्रदेशको कपिलबस्तुको तिलौराकोट दरबारका युवराज सिदार्थ गौतम बुद्धले तत्कालिन शुद्र समाजको कुनै एक चण्डाल्नी महिलाको हातबाट पानि खाएर त्यस समयमा हुने जातिय विभेदका विरुद्ध सांकेतिक रुपमा आन्दोलन नै छेडेको र पछि आफ्नो जिवनकालभरि जातिय बिभेदका विरुद्ध कयौं पटक प्रवचन दिदै आएको तथ्य पनि कयौ सन्दर्भ सामाग्रीहरुले प्रस्ट पार्छन । बाग्मति उपत्यकामा २००० बर्ष पहिले ३२ पुस्ता शासन गर्ने किरातहरु थिए।

ईस्वी सम्बतको १७१ देखि २०० को विचमा बाग्मति उपत्यकामा भारतको बैशालीबाट आएका हिन्दु लिच्छविहरुले आक्रमण गरे र जिते । हारेका किरातहरुलाई त्यहाबाट लखेटे । त्यतिबेला लिच्छविहरुले काठमाण्डौ उपत्यकामा ४ वर्ण १८ जातको व्यवस्था गरे । ईस्वी सम्बतको ८७९ साल सम्म काठमाण्डौ उपत्यकामा लिच्छविहरुको शासन चल्यो । मल्ल शासनकालमा ईस्वी सम्बतको १३०५ पछि राजा बनेका जयस्थीती मल्लले भारतबाट मोहि नाथ भट्ट, श्रीनाथ भट्ट लगायत अन्य ३ जना ब्रम्हाणहरु बोलाएर लिच्छविहरुले चलाउदै आएको ४ वर्ण १८ जातमा थपेर ४ वर्ण ६४ जातको वर्ण व्यवस्था सहितको व्यवस्था निर्माण गरे । विशेषगरि कर्णालीमा युरोपबाट मध्य एसियाको ककेसस उपत्यकाबाट मानसरोवर हुदै गंगा मैदानसम्म फैलिएका खसहरु कर्नालीमा प्रवेश गर्नु पहिले देखि नै कर्नाली र भेरि नदिका किनारहरुमा महान शिल्पी समुदायहरुको घना बसोबास थियो । उनिहरु ज्ञान सिप कला सँस्कृति र विज्ञानमा निकै सम्पन्न थिए । उनिहरुले आफुसँग भएका ज्ञान सिप र बिज्ञानको प्रयोगका माध्यमबाट भेरि बाजा जस्तै देखेर भेरि नदिको नामाकरण “भेरि” र कर्नाल बाजा जस्तै देखेर कर्नाली नदिको नाम“ कर्नाली” राखे । पानि घट्ट, आरन, हलो आदि जस्ता विज्ञान र प्रविधीहरुको बिकास उनिहरुले पहिले नै गरिसकेका थिए । पछि आएका खसहरुसँग पनि जात व्यवस्था थिएन । उनिहरु आफ्ना मस्टो देवताको पुजा गर्थे । भारतका शंकराचार्यले पाँचौ शताब्दिमा कर्नाली हुदै मानसरोवरको यात्रा गरे । त्यहि यात्राकै क्रममा तिनले हालको कर्नाली क्षेत्रमा हिन्दु मतको प्रचार गरे । दशौ शताब्दिमा भारतमा मुगलहरुको शासन थियो । त्यतिबेला देखि नै पश्चिम नेपालका मानिसहरुको भारतमा काम गर्न जाने चलन थियो

। त्यसैले पनि उनिहरुले भारतलाई मुग्लान भन्न थालेका हुन । त्यसरि पनि  कर्नालीका खसहरुले हिन्दु परम्परा सिक्दै गए । दशौ शताब्दि पछि इरानका नादिर शाह लगाएतका अन्य मुसलमान शासकहरुले दिल्लीमाथी पटक पटक आक्रमण गरेका थिए । आक्रमणबाट आर्जित भएका हिन्दु राजाहरु, सेनापति लगाएत माथिल्लो दर्जाका मानिसहरु त्यहाबाट भागेर बस्नलाई उपयुक्त स्थानको खोजिमा पश्चिमको कुमाउ गडवाल हुदै  सतलज, महाकालि र कर्नाली तरेर खस साम्राज्य सम्म पुगे । उनिहरु वेद रचना गरेर आएका वैदिक आर्यहरु थिए । उनिहरुले खस राजामहाराजाहरु सँग मिलेर वर्ण (जात) व्यवस्थालाई खसान क्षेत्रमा फैलाएको देखिन्छ । पछि पृत्वीनारायण शाहले नेपालको एकिकरण गरे सम्पुर्ण राज्य सत्ता कामाण्डौको नोल्छे दरबारबाट संचालन गर्न थाले पछि जात व्यवस्थाको बारेमा पत्तै नपाएको पुर्वको लिम्बु देखि पश्चिमको खससमेतलाई पनि जात व्यवस्था मान्न बाध्य पारियो ।

जात व्यवस्थालाई उनिहरुले एउटा यस्तो तहगत संरचनाको (सिढि) रुपमा बिकास गरे जुन संरचनामा न कुनै माथि उक्लिने बाटो छ न झर्नलाई छुट नै छ । करिब ३५०० बर्ष अघि भारतमा बिकास भएको यस जात (वर्ण) व्यवस्थाले आज सम्म पनि कर्नालीमा सामाजिक कुरितीको रुप धारण गर्दै आईरहेको छ । जात व्यवस्थासँग आफ्नै राजनिती, सँस्कृति र अर्थतन्त्र जेलिएको जाल हुने हुदा यसले हाम्रो समाजको गति र प्रगतिलाई स्वत स्फुर्त अघि बढ्न दिईरहेको छैन । यदि हामि बसेको छाँयानाथ रारा नगरपालिकालाई पनि सबैकालागी समान सामाजिक न्याय सहितको बनाउने हो भने यो अमानविय जात व्यवस्थालाई यो नगरपालिकाबाटै उन्मुलन गर्नै पर्ने हुन्छ ।

## २. विगतका प्रयास

जसरि नेपालमा जात व्यवस्थालाई सामाजिक नियमका रुपमा राजा महाराजाहरुद्धारा लागु गरिए त्यसै गरि जनताको चेतनामा आएको परिवर्तनहरुले ति कथित नियम कानुनहरुका बिरुद्ध लड्दै तथा समानतामा आधारित नयाँ कानुनहरुको निर्माण हुदै गईरहेका छन । मनुको मनुस्मृती ग्रन्थ,लिच्छविहरुको ४ वर्ण १८ जातको व्यवस्था,जयस्थीती मल्लको ४ वर्ण ६४ जातको व्यवस्था,गोर्खाका राजा राम शाहका जातिय व्यवस्थाहरु र त्यसैगरि बिशेष गरि बि.सं १९१० को जंग बहादुरको मुलुकि ऐन आदिले नेपालमा जात व्यवस्थालाई राज्य स्तरबाटै वैधता दिदै आएका थिए । तर पनि नेपालमा पटक पटक चलेका प्रजातान्त्रीक आन्दोलनहरुले यि निरंकुश व्यवस्थाहरुलाई खारेज गर्दै आईरहेका छन । यहि जातिय कु व्यवस्थाका बिरुद्ध नेपालका कयौं दलित तथा गैर दलित व्यक्तित्वहरुले निरन्तर संघर्ष गर्नु परेको थियो । तिनीहरु मध्ये सन्त कबिर, योगमाया,भगत सर्वजित बिश्वकर्मा,भिम दत्त पंत, जवाहर रोक्का आदिको नाम सदा स्मरणिय रहनेछन । नेपाली दलित आन्दोलनमा दलित साहित्य र ज्ञानलाई सशक्त बनाउने र वर्ण(जात) व्यवस्थाभित्रको राजनिती, सँस्कृति,र अर्थतन्त्र अध्ययनको दायरालाई बहु आयामिक र व्यापक बनाउने काममा राजनितज्ञ, लेखक तथा विश्लेषक विश्व भक्त दुलाल (आहुति) को देन सबै भन्दा अग्र स्थानमा देख्न सकिन्छ । जातिय विभेद का विरुद्ध कानुनी रुपमै सकारात्मक प्रयासहरु निकै भएका छन । पहिलो पटक बि.सं २०२० को मुलुकि ऐनको महल १९ अदलको बुंदा नं १०(क)मा कसैले कसैलाई जातीपाती,धर्म,वर्ण वा कामका आधारमा छुवाछुतको भेदभावपुर्ण व्यवहार वा बहिस्कार वा निषेध गरेमा तिन महिना देखि तिन बर्ष सम्म कैद वा एक हजार रुपैया देखि पच्चिस हजार रुपैया सम्म जरिवाना वा दुवै हुन सक्ने व्यवस्था गरेको थियो । त्यसै गरि नेपाल अधिराज्यको संविधान २०४७ को मौलिक हक अन्तरगतको धारा ११ मा समानताको हकको व्यवस्था गर्दै उपधारा ४ मा कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थीत हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बंचित गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनिय हुनेछ

भन्ने उल्लेख गरिएको छ । जातिय तथा अन्य छुवाछुत र भेदभाव(कसुर र सजाय) ऐन,२०६८ पारित गरि कार्यान्वयनमा ल्याईएको छ । नेपालका अघिल्ला ४ वटा संविधान भन्दा निकै प्रगतिशिल भनिएको नेपालको संविधान २०७२ ले आफ्नो प्रस्तावनामै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्यको घोषणा गर्दै मौलिक हकमा समेत धारा (११) सम्मानपुर्वक बाँच्न पाउने हक, धारा (१८) समानताको हक, धारा (२४) छुवाछुत तथा भेदभाव विरुद्धको हक र धारा (४०) मा दलितको हकको व्यवस्था गरेको छ । माथि उल्लेखित कानुनी व्यवस्थाहरुलाई सघाउ पुऱ्याउन यस छाँयानाथ रारा नगरपालिका स्वयमले पनि आफ्नो स्तरबाट २०७७ पौष १७ गते नगर दलित हेल्प डेस्कको गठन गरि काम कारवाहि अघि बढाएको छ । नगर दलित हेल्प डेस्कले वडा स्तरिय दलित हेल्प डेस्क निमार्णको प्रकृया सम्पन्न गरिसकेको छ ।

## ३. बर्तमानको अवस्था

देशको संविधानमा यति धेरै समतामुलक कुराहरु समेटिदा समेत कुनै पनि स्थानिय निकायहरुले संविधानलाई अक्षरस पालना गराउने तर्फ कुनै ठोस भुमिका खेलेको देखिदैन । पुर्ख्यौली गरिबी अभावका कारण अहिले पनि दलितहरुको शिक्षा ,स्वास्थ्य, रोजगारि र राजनैतिक नेतृत्व निर्माणको गुणत्मक दर निकै कमजोर छ । संविधानका पानामा जे जस्तो लेखिएपनि धरातलमा त्यो विल्कुल फरक दृश्य देखिन्छ । यहि नगरपालिका भित्र अन्तजातिय प्रेम गरेकै कारण गाउबाट निकाला गरिएको,आत्म हत्या गर्नु परेको आदि जस्ता कयौ घटनाहरु समाजमा व्याप्त देखिन्छन तर नगरपालिका सँग त्यसको कुनै यकिन तथ्यांक छैन । राज्यले हरेक वडामा १ जना दलित महिला सदस्यको कोटा अनिवार्य गरेता पनि दलित महिलामा रहेको निरक्षरताका कारण उनिहरुले स्वयम नगरपालिकामा दलित मैत्रि निती तथा कार्यक्रम निर्माणमा अहम भुमिका निभाउन सकिरहेका छैनन् । नगरपालिका भित्रै जातिय विभेद न्युन गर्ने अभिप्रायले घर घरमा खानेपानिका धाराहरु जडान गरिएपनि तिनै धाराहरुले गर्दा नै दलित र गैरदलित बिचको धुर्विकरण झन बढ्दै गैरहेको छ ।

नेपालमा लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको दशकौ विती सक्दा पनि समग्रमा यस नगरपालिकाका दलितहरुको सिप प्रर्वदन, रोजगारिको अवशर प्राप्ती, सामाजिक न्यायको अवस्था सन्तोषजनक छैन । यो दरलाई उच्च पार्न नगरपालिकाले समग्रमा दलित मैत्रि तथा कार्यक्रमहरु बनाई लागु गर्नु पर्दछ ।

## ४. समस्या र चुनौति

पटक पटकका राजनैतिक आन्दोन, क्रान्ति र नेपालको दलित आन्दोलनका विगतका अथक प्रयासहरुबाट लिखित कानुनमा जति मिठा र प्रगतिशिल कुराहरु लेखिए पनि  अझै पनि हाम्रो धरातल निकै क्रुर र निन्दनिय नै छ । छाँयानाथ रारा नगरपालिकामा दलित समुदायका समस्या र चुनौतिहरु निम्न बमोजिम छन ।

४.१ लिखीत संविधान र कानुनको व्यवहारिक पालना जनस्तरबाट ,सरकारि र गैरसरकारि निकायहरु र स्वयम जनप्रतिनिधीहरुबाट समेत गरिएको छैन ।

४.२ नगरपालिका भित्र दलित मैत्रि निती तथा कार्यक्रमहरु बन्न सकेका छैनन् । बनेकालाई पनि विभिन्न बाधाहरुले झेलिएर कार्यान्वय नै गरिएका छैनन् ।

४.३ दलितहरु सँगको परम्परा देखि रहदै आएको भुमिहिनताको समस्या जिउकातिउ नै छ ।

४.४ दलित ज्ञान,कला, साहित्य र सिपको उचित सम्मान गर्ने खाले स्थानिय पाठ्यक्रमहरुको निर्माण गरिएको छैन ।

४.५ दलितहरुमाथी पर्ने जातिय विभेदका सवालमा गैरदलितहरुको जिम्मेवारि वा सकारात्मक भुमिका निकै कम छ ।

४.६ नगरपालिकाले हाल सम्म पनि नगरपालिका भित्रका अन्तरजातिय प्रेम गर्ने जोडिहरुको प्रोत्साहनका लगी कुनै ठोस कार्यक्रम ल्याउन सकेको देखिदैन ।

४.७ कुनै निश्चित दलित बाहुल्य गाउ बाहेक अहिले पनि दलितहरु कुनै बिकास आयोजनाको उपभोक्ता समितिको अध्यक्ष बन्ने परिस्थीती बनि सकेको छैन ।

४.८ छुवाछुत तथा भेदभावका हिसावमा अहिले पनि यस नगरपालिकाका कतिपय वडा कार्यालयहरु दलित मैत्रि छैनन् ।

४.९ नगरपालिकाका अधिकतम जन निर्वाचित प्रतिनिधीहरु दलित सवाल प्रति संवेदनशिल छैनन् ।

## ५. जातिय विभेद बिरुद्धको दलित निती २०८० को आवश्यकता

हरेक समाज र समुदायको योजनाबद्ध तथा दिगो बिकास गर्नकालागी सक्षम,यथार्तमा आधारित तथा दुर दृष्टि सहितको नितीको आवश्यकता पर्दछ । दलितहरुको स्थीती आजको अवस्थासम्म पुग्नलाई पनि हिजो भएका आन्दोलनहरु तथा ति आन्दोलनका अगुवा योद्धाहरुका दुर दृष्टि सहित सपनाहरु र ति सपनाहरुलाई कार्यान्वयन गर्न बनाईएका नितीहरुको पनि महत्वपुर्ण भुमिका रहेको छ । देशका सम्पुर्ण गतिविधीहरुलाई न्यायोचित र योजनाबद्ध बनाउन राज्यले निति तथा कार्यक्रम बनाउदछ र त्यसै अनुसार कार्यान्वयन गर्दछ । त्यसै गरि स्थानिय पालिकाहरुले आफ्नो आवश्यकता अनुसार फरक फरक बिषय क्षेत्रका समस्याहरुको पहिचान गरि ति समस्याहरुको दिर्घकालिन समाधानका लागी ति विषयमा बिषयगत नितीहरुको तर्जुमा गर्ने गर्दछन । ईतिहाँस देखि सामन्ती र निरंकुश जात व्यवस्थाको चरम शोषणबाट पिल्सिएका तर जम्मा जनसंख्याको लगभग आधाको संख्या दलित रहेको मुगु जिल्लाको सदरमुकाम समेत रहेको छाँयाानाथ रारा नगरपालिकाले पनि जातिय विभेद विरुद्ध दलित निती २०८० तर्जुमा गरि कार्यान्वयन गर्ने निर्णय गरेको छ । बहुसंख्यक नगरबासि उत्पिडित दलित समुदायको हक हित संरक्षण गर्नुकासाथै यिनीहरुको सर्वाङ्गिण बिकास गर्दै समग्र नगरलाई समानतामा आधारित न्यायोचित समाजमा रुपान्तरित गर्न तथा समग्र दलित सवालमाथी नगरपालिकाको ध्यान आकर्षित गर्न र मार्ग निर्देशन दिने हेतुले जातिय विभेद विरुद्ध दलित निती २०८० तर्जुमा गर्नु परेको हो । यो नितीलाई आधार मानेर भविष्यमा यस नगरपालिकाका दलितहरुले आफ्नो समुदायको सर्वाङ्गिण बिकासकालागी आवश्यक मागहरु राख्नलाई पनि यस नितीले सन्दर्भ सामग्रीको रुपमा समेत कार्य गर्न सक्नेछ । यस नगरपालिकाको नगर कार्यपालिकाद्धारा अनुमोदित यस नितीले प्रचलित नेपालको कानुनको समर्थन गर्दै छाँयानाथ रारा नगरपालिकाका दलितहरुको समानताको सपनालाई थप उचाईमा लैजान र उनिहरुको सदियौं देखि दबाईएर राखिएको आवाजलाई बुलन्द पार्न महत्वपुर्ण औजारको रुपमा काम गर्न सक्नेछ । समग्रमा यस नगरपालिकाका दलित समुदायको जिवनस्तर उकास्नमा यो नितीले रोड म्यापको रुपमा काम गर्नेछ ।

## ६ . दृष्टिकोण

सबैखाले जातिय विभेदको अन्त्य पछिको समानता र सह अस्थित्वमा आधारित एकताबद्ध,बिकास र समृद्धि सहितको छाँयानाथ रारा नगरपालिका निर्माण ।

## ७. लक्ष्य

नेपालको प्रचलित संविधान र कानुनले दलितहरुमाथीको सदियौं देखिको उत्पिडन, शोषण,दमनको क्षतिपुर्ति बापत प्रदान गरेका मौलिक हक र अधिकारहरुको व्यवहारिक प्रयोगद्धारा छाँयानाथ रारा

नगरपालिकाका दलित समुदायको ( सामाजिक,साँस्कृतिक, राजनैतिकर आर्थिक) समग्र जिवनस्तर उकास्दै छाँयानाथ रारा नगरपालिकालाई बिभेदरहित समतामुलक नगरपालिकाको रुपमा स्थापित गर्ने ।

## ८. उध्येश्यहरु

८.१ नगरपालिकाद्धारा निर्माण गरिने सम्पुर्ण निती तथा कार्यक्रमहरुलाई दलित मैत्रि बनाउन र सफल रुपले कार्यान्वयनमा लैजान नगरपालिकालाई जिम्मेवार र उत्तरदायि बनाउनु ।

८.२ यस पालिकाका निर्वाचित जन प्रतिनिधीहरुलाई दलित सवाल प्रति संवेदनशिल बनाउनु

८.३ यस नगरपालिकाका दलितहरुसँगको परम्परा देखि रहदै आएको भुमिहिनताको समस्यालाई दिर्गकालिन समाधान खोज्नु ।

८.४ यस नगरपालिका क्षेत्र भित्रका दलितहरुको परम्पागत ज्ञान सिप र पेषालाई प्रोत्साहन र प्रववर्धन गर्ने,सिप हस्तान्तरणको लागी तालिमहरुको आयोजना गर्ने तथा उत्पादित सामाग्रीहरुको उचित बजारिकरण गरि दलित समुदायमा स्वरोजगार निर्माण गर्नु ।

८.५दलित कला, साहित्य र सिपको उचित सम्मान गर्ने खाले स्थानिय पाठ्यक्रमहरुको निर्माण तथा स्थानिय बिध्यालयहरुमा पठन पाठनकालगी प्रकृया अघि बढाउनु ।

८.६ नगरपालिका भित्र अन्तरजातिय विवाहलाई प्रोत्साहन गर्ने तथा सामाजिक अन्तरघुलन हुने खालका कार्यक्रमहरु मार्फत समतामुलक समाज निर्माणमा जोड दिने खाले निती तथा कार्यक्रमहरु बनाउन मार्ग दर्शन प्रदान गर्नु ।

८.७ गरिब दलित बिध्यार्थीहरुको उच्च शिक्षा अध्ययनको आवश्यक सम्पुर्ण खर्च छाँयानाथ रारा नगरपालिकाले प्रदान गर्न कानुनि आधार निमार्ण गर्नु ।

८.८ दलित महिला सदस्य तथा अन्य दलित जनप्रतिनिधीहरु स्वयम् दलित अधिकार र हाल प्रचलित कानुनी व्यवस्थाहरुका बिषयहरुमा दलित जनप्रतिनिधीहरु आवश्यक तालिम, गोष्ठिहरुको आयोजनाद्धारा सु शिक्षित बनाउनु ।

## ९. रणनिती

९.१ दलित हक अधिकार का लागी बनेका प्रचलित ऐन कानुनको प्रभावकारि कार्यान्वयन सम्बन्धी आवश्यक कार्यक्रम बनाई तु लागु गर्ने ।

९.२ दलित मैत्रि स्थानिय निती तथा कार्यक्रमहरुको निर्माण गर्ने ।

९.३ दलित ज्ञान ,कला, साहित्य र सिपहरुलाई समेटि मातृ भाषामै पाठ्यक्रमहरुको निर्माण गरि छाँयानाथ रारा नगरपालिका भित्रका सबै प्राथमिक र आधारभुत बिध्यालयहरुमा पठन पाठनको प्रकृया यतासिघ्र अघि बढाउने ।

९.४ नगरपालिका,वडा कार्यालयहरु,पालिकाभित्र रहेका सबै सरकारि,गैसरकारि कार्यालय तथा अन्य निजी निकायहरुलाई सबैखाले जातिय छुवाछुत तथा भेदभावरहित बनाउन कार्यक्रम तथा आवश्यक व्यवस्था गर्ने ।

९.५नगरपालिका भित्र अन्तरजातिय विवाह प्रोत्साहन गर्ने तथा त्यस्ता जोडिहरुकोलागी आवस्यक सुरक्षाको प्रत्याभुति गराउदै सामाजि, साँस्कृतिक र आर्थिक उपार्जनका लागी ठोस कार्यक्रम निमार्ण गरि लागु गर्ने ।

९.६ दलित महिला सदस्य तथा अन्य दलित जनप्रतिनिधीहरुलाई आवश्यक तालिम, गोष्ठिहरुको आयोजनाद्धारा प्रशिक्षित बनाउने

## १० .निती तथा कार्यनिती

**(क) प्रचलित कानुनको प्रभावकारि कार्यान्वयनमा जोड ।**

१०.१ छाँयानाथ रारा नगरपालिकाको नगर प्रमुख संरक्षक,सबैभन्दा जेष्ठ दलित महिला सदस्य अध्यक्ष,नगर दलित हेल्प डेस्कको सदस्य सचिव सदस्य सचिव र सम्पुर्ण दलित कार्यपालिका सदस्यहरु सदस्य रहने गरि नगरपालिका स्तरमा एक दलित हक अधिकार संरक्षण तथा अनुगमन समिती यो निती पत्र अनुमोदन भएको तिस दिन भित्र अनिवार्य गठन गरिनेछ ।

१०.२ गठित दलित हक अधिकार संरक्षण तथा अनुगमन समितीको कार्यालय व्यवस्थापन,स्टेशनरि, सदस्य सचिवको तलव भत्ता लगायत सम्पुर्ण खर्चको व्यवस्था नगरपालिका स्वयमले गर्नेछ ।

१०.३ नगरपालिका,वडा कार्यालयहरु,पालिकाभित्र रहेका सबै सरकारि,गैसरकारि कार्यालय तथा अन्य निजी निकायहरुलाई सबैखाले जातिय छुवाछुत तथा भेदभाव मुक्त भएको ग्यारेन्टि गर्न दलित अधिकार संरक्षण तथा मुल्यांकन समितीले सुचांकहरुको निर्माण गरि ति सुचांकहरुका आधारमा रहेक बर्ष नगरपालिका भित्र जातिय छुवाछुत र विभेदको अवस्था मुल्यांकन गर्ने र त्यसको प्रतिवेदन सार्वजनिक गर्नेछ ।

१०.४ यदि कुनै जनप्रतिनिधी, सरकारी तथा गैरसरकारि निकायको कर्मचारीले निजी तथा सार्वजनिक स्थलहरुमा छुवाछुत तथा भेदभावजन्य कृयाकलाप गरेमा वा गर्न अभिप्रेरित गरेमा निजलाई नेपालको प्रचलित कानुन बमोजिम । दलित निति २०८० अनुसार कारबाहिको दायरामा ल्याउने ।

१०.५ यस नगरपालिका भित्रको दलित नागरिकलाई यस नगरपालिका भित्रको वा पालिका बाहिरको कुनै पनि व्यक्तिले निजी तथा सार्वजनिक स्थलहरुमा छुवाछुत तथा भेदभावजन्य कृयाकलाप गरेमा वा गर्न अभिप्रेरित गरेमा निजलाई नेपालको प्रचलित कानुन बमोजिम कारबाहिको दायरामा ल्याउने

**(ख) दलित मैत्रि स्थानिय निती तथा कार्यक्रमहरुको निर्माण ।**

१०.६ नगरपालिकाले गर्ने सबैखाले पद पुर्तिका प्रकृयाहरुमा यस नगरपालिकामा रहेका दलितहरुको जनसंख्याका आधारमा दलितहरुलाई आवश्यक कोटाको व्यवस्था गरिनेछ ।

**(ग) दलितहरुसँगको परम्परा देखि रहदै आएको भुमिहिनताको समस्याको विकल्पको खोजि**

१०.७ दलितहरुसँगको ईतिहाँस देखि रहदै आएको भुमिहिनताको समस्यालाई समाधान गर्न पुर्ण भुमिहिन दलितहरुको हरेक ५ बर्षमा लागत संकलन गरिनेछ ।

१०.८ यथार्तमा भुमिहिन रहेका दलितहरुको पहिचान गरि सोहि अनुसारको नगरपालिका भित्रै बाजो वा सिमान्त जग्गा को पहिचान गरि जिल्ला वन कार्यालयमा समन्वय गरिनेछ ।

१०.९ पहिचान गरिएको बाँझो वा सिमान्त भुमिलाई भुमिहिन रहेका दलितहरुलाई न्यायोचित र प्रचलित कानुन बमोजिम वितरण गरि लाल पुर्जा समेत प्रदान गरिने छ ।

**(घ) दलितहरुको परम्पागत ज्ञान सिप र पेषालाई प्रोत्साहन र प्रवर्द्धन गर्दै दलित समुदायमै स्वरोजगारी**

१०.१० समुदाय स्तरमा रहेका दलित कलाकारहरुका ज्ञान ,कला, साहित्य, सिप र पेषालाई प्रोत्साहन गर्न नगरपालिका तथा वडा स्तरमा सिप हस्तातरण तालिमहरुको आयोजना गरिनेछ ।

१०.११ त्यस्ता तालिमहरुबाट उत्पादित हस्तकला तथा सिप कलाहरुलाई पालिकाकै आर्थिक सहयोगमा स्थानिय बजारमा कोशेलि पसलहरु सँचालन गरी दलित समुदायमा स्वरोजगारिको सृजना गरिनेछ ।

१०.१२ दलितहरुले परापुर्वकाल देखि पुस्तौनि हस्तान्तरणको प्रकृयादारा आज सम्म संरक्षण गर्दै आईरहेका ज्ञानको प्रणाली, कला, सँस्कृति, सिपलाई प्रवर्द्धन गर्न हरेक दुई वर्षमा अनिवार्य रुपमा छाँयानाथ रारा नगपालिका स्तरिय लोक बाजा तथा साँस्कृतिक महोत्सवको आयोजना गरिनेछ ।

**(ङ) अन्तरजातिय विवाह तथा सामाजिक अन्तरघुलन कार्यलाई प्रोत्साहन ।**

१०.१३ समाजमा अन्तरजातिय बिबाहलाई प्रोत्साहन गर्न हरेक उमेर पुगेका अन्तरजातिय बिवाह गर्ने जोडिहरुलाई यस छाँयानाथ रारा नगरपालिकाद्धारा प्रति जोडि रु १००००० पुरस्कार प्रदान गरिनेछ ।

१०.१४ समुदाय स्तरमा रहेका दलित रितिरिवाज कला साँस्कृतिक ज्ञान ,साहित्य, सिप र पेषालाई प्रोत्साहन भत्ता वाफत गरिब संग नगर प्रमुख कोष बाट छायाँनाथ रारा नगरपालिका भित्रका सबै घरधुरी लाई प्रत्येक घरधुरीको बार्षिक रु २५,००। (पच्चिस सय) रुपैया बैंक खातामा जम्म हुनेगरी दशै भत्ता दिईनेछ ।

१०.१५ सामाजिक रुपमा मनाईने पर्वहरु तिजको दर, सामुहिक बनभोजहरुको आयोजनाद्धारा सामाजिक अन्तरघुलनको प्रकृयालाई प्रोत्साहन गरिनेछ ।

**(च) जेहेन्दार गरिब दलित बिध्यार्थीहरुको उच्च शिक्षा अध्ययनको आवश्यक सम्पुर्ण खर्च व्यहोरिने ।**

१०.१६ नगरपालिका भरिमा माध्यामिक तह उतिर्ण गरेका बिपन्न दलित बिध्यार्थिहरुको लागत संकलन गरि गरिब तथा बिपन्न तर प्राविधीक तथा अप्राविधीक संकायका स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्न चाहने बिध्यार्थीहरुकालागी छात्रवृति प्राप्तीकालागी दरखास्त आह्वान गरिनेछ ।

१०.१७ दरखास्त दिने सम्पुर्ण बिध्यार्थीहरु मध्यबाट उनिहरुको गरिबि,विगतका बर्षहरुको शैक्षिक नतिजा,परिवारको आ्थिक अवस्था झल्किने वडाका सिफारिसहरुका आधारमा सबै भन्दा गरिब र सबैभन्दा उत्कृष्ट जेहेन्दार विध्यार्थीहरु मध्य १४ वटै वडाहरुबाट प्रति बर्ष १० जनालाई बार्षिक रु २०,०००(बिस हजार) का दरले दलित उच्च शिक्षा छात्र,छात्रा वृति प्रदान गरिनेछ ।

**(छ) दलित जनप्रतिनिधीहरुलाई प्रशिक्षण ।**

१०.१८ दलित महिला सदस्यहरु तथा अन्य निर्वाचित दलित जनप्रतिनिधीहरुलाई नेपालको संविधान लगायत अन्य प्रचलति राष्ट्रिय तथा अन्तराष्ट्रिय ऐन कानुनहरुका बारेमा सचेतना अभिवृदिका लागी बार्षिक रुपमा २ दिने दलित जनप्रतिनिधी अभिमुखिकरण तालिमको आयोजना गरिनेछ ।

## ११ निती कार्यान्वयनको जिम्मेवारि

जातिय विभेद विरुद्धको दलित निती २०८० को लक्ष्य तथा उध्येश्यहरुको अधिनमा रहि नेपालको संबिधान र प्रचलति राष्ट्रिय तथा अन्तराष्ट्रिय ऐन कानुनहरुलाई आधार मानि यस नितीलाई सफल रुपमा कार्यानवयन गर्ने गराउने जिम्मा यस छाँयानाथ रारा नगरपालिकाको हुनेछ । यस नितीलाई कार्यान्वयन गर्न गराउन यस नगरपालिकाले जिल्ला प्रहरि कार्यालय, जिल्ला प्रशासन कार्यालय , मानवअधिकार तथा सामाजिक न्यायका लागी काम गरिरहेका सरकारि तथा गैरसरकारि निकायहरु,विदेशि दातृ निकायहरुसँग समन्वय र सहकार्य गर्न सक्नेछ । प्रस्तुत नितीको मर्मलाई नमर्ने गरि निती कार्यान्वयनका लागी नगपालिका स्वयमले पनि थप कार्यविधीहरु बनाई लागु गर्न सक्ने छ । तर यो नितीको कुनैपनि खण्ड वा बुंदा परिमार्जन तथा संशोधन गर्न कार्यपालिकाको दुई तिहाई बहुमतबाट पारित गरिनु पर्ने छ ।

## कककक१२ सँस्थागत व्यवस्था

जातिय विभेद विरुद्धको दलित निती २०८० को सफल कार्यान्वयनका लागि नितीले नै व्यवस्था गरेको दलित हक अधिकार संरक्षण तथा अनुगमन समितीलाई निती ले नै तोकेको मिती भित्र गठन गरि प्रस्तुत

निती कार्यान्वयनकालागी प्रमुख जिम्मेवार बनाईनेछ । छायाँनाथ रारा नगरपालिकामा पहिले देखि नै स्थापित दलित हेल्प डेस्कको भुमिकालाई आवश्यक कार्यविधी परिमार्जन गरि जातिय विभेद विरुद्धको दलित निती २०८०क प्रति जिम्मेवार बनाईनेछ । यस नितीको मुल नियामक संस्था यस छाँयानाथ रारा नगरपालिका स्वयम भएकोले अन्तत यो नितीको कार्यान्वयनको मुख्य जिम्मोवारि यस छाँयानाथ रारा नगरपालिकाले नै स्वयम् बहन गर्नेछ ।

**१३ आर्थिक पक्ष**

जातिय विभेद विरुद्धको दलित निती २०८० को सफल कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनको मुख्य जिम्मा यस नितीको मुल नियामक संस्था यस छाँयानाथ रारा नगरपालिका स्वयम भएकोले अन्तत यो नितीको कार्यान्वयनको लागी आवश्यक पर्ने स्रोत व्यवस्थापनको मुख्य जिम्मोवारि यस छाँयानाथ रारा नगरपालिकाले नै बहन गर्नेछ । तर दलित अधिकार, मानव अधिकार,दिगो बिकास,शुशासन अदिका क्षेत्रमा काम गरिरहेका विभिन्न सरकारी तथा गैर सरकारि निकायहरुबाट परिचालन हुदै आईरहेको सहायतालाई नगरपालिकाले एक द्धार प्रणालीको माध्यमबाट एकिकृत गरि प्रस्तुत निती कार्यान्वयनका लागी स्रोत व्यवस्थापन गर्न सक्नेछ । तथा प्रस्तुत निती कार्यान्वयनका लागी गैर सरकारि तथा अन्य निजी उधोग धन्दाहरुबाट पनि अतिरिक्त सामाजिक न्याय कर संकलनको निती पनि लिन सक्नेछ ।

**१४. कानुनी व्यवस्था**

जातिय विभेद विरुद्धको दलित निती २०८० को प्रभावकारि कार्यान्वयनका लागि यस नगरपालिकाले नेपाल अधिराज्यको संविधान,दलित हक अधिकार सँग सम्बन्धीत संघिय ऐन तथा कानुनहरु प्रादेशिक नियम कानुनहरुलाई आधार मान्न सक्नेछ । नितीलाई थप प्रभावकारि बनाउन यस नितीलाई सघाउ पुऱ्याउन दलित हक अधिकार सँग सम्बन्धीत तर यो निती सँग नबाझिने गरि थप निती तथा कार्यक्रमहरुको निर्माण गरि लागु गर्न पनि सक्नेछ ।

**१५. अनुगमन तथा मुल्यांकन**

जातिय विभेद विरुद्धको दलित निती २०८० को कार्यान्वयनको समग्र स्थीतीको बार्षिक तथा आवधिक अनुगमन तथा मुल्यांकनको समग्र प्रकृया दलित हक अधिकार संरक्षण तथा अनुगमन समिती र छाँयानाथ रारा नगरपालिकाको अगुवाईमा सम्पन्न गरिनेछ । तर मुल्यांकन प्रकृयालाई थप पारदर्शि र कानुन सम्मत बनाउन जिल्ला प्रहरी कार्यालयको प्रतिनिधी, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, दलित नागरिक समाजका प्रतिनिधीहरु, सरकारि तथा गैर सरकारि दातृ निकायका प्रतिनिधीहरुलाई समेत अनुगमन तथा मुल्यांकनको प्रकृयामा भाग लिनका लागी दलित हक अधिकार संरक्षण तथा अनुगमन समिती र छाँयानाथ रारा नगरपालिकाले समन्वय गर्न सक्नेछ ।

**१६. जोखिम तथा जोखिम न्युनिकरण**

निती कार्यान्वयनको क्रममा देखिन सक्ने जोखिमको समयमै आँकलन गरि जोखिम न्युनिकरणका उपायाहरु अवलम्बन गरिने छन । जातिय विभेद विरुद्धको दलित निती २०८० को कार्यान्वयनका संभावित जोखिमहरु र जोखिम न्युनिकरणका उपायाहरु देहायबमोजिम हुन सक्ने आँकलन गर्न सकिन्छ

**(अ) संभावित जोखिम**

(क) देशमा संघियताको कार्यान्वयन भर्खरै हुदै गरेको तथा यस छाँयानाथ रारा नगरपालिकाले पनि यस नितीलाई पछि प्रभाव पार्न सक्ने विषयका नितीहरुको निर्माण गरि नसकेकोले पछि बन्ने नगरपालिकाका कुनै पनि निती सँग बाँझिन सक्ने देखिन्छ ।

(ख) निती कार्यान्वयनकालागी आवश्यक स्रोत व्यवस्थापन गर्न कठिन हुन सक्नेछ ।

**(आ ) जोखिम न्युनिकरणका उपायाहरु**

(क) भविष्यमा बन्नसक्ने कुनै पनि नितीका निर्माताहरुलाई पहिले नै जातिय विभेद विरुद्धको दलित निती २०८० तथा नगरपालिकाद्धारा तर्जुमा गरिएका नितीहरुकाबारेमा जानकारि उपलब्ध गराउने तथा आवश्यक समन्वय गर्ने गराउने ।

(ख) हरेक जनप्रतिनिधीहरुलाई दलित नितीको संवेदनशिलताका विषयमा बार्षिक कम्तिमा २ पटक अभिमुखिकरण तालिम सँचालन गर्ने ।

(ग) स्रोत व्यवस्थापनकालागी विभिन्न सरकारि तथा गैरसरकारि निकायहरुसँग समन्वय गर्ने

**१७ . खारेजि तथा बचाउ**

जातिय विभेद विरुद्धको दलित निती २०८० ले यस छाँयानाथ रारा नगरपालिकाका कुनै पनि अन्य निती हरुलाई खारेज तथा बचाउ गरेको छैन ।

आज्ञाले
पशुपती शाही
नि. प्रमुख प्रशासकिय अधिकृत